# रोजगार सेवा केन्द्र
# वार्षिक प्रगति प्रतिवेदन, २०८१




## परोहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

# रोजगार सेवा केन्द्रको वार्षिक प्रगति प्रतिवेदन, २०८१

**सर्वाधिकार ©** **परोहा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल
वेभसाईटः www.parohamun.gov.np
इमेलः info@parohamun.gov.np
फोनः ९८५५०४४०२३

**प्रकाशकः** **रोजगार सेवा केन्द्र**
इमेलः pmep.esc.parohamun@gmail.com
फोनः ९८५११८८२१०, ९८५५०४७२२१

**प्रकाशन वर्षः** २०८१ साउन १ गते

# प्रतिवेदन सारांश

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको अवस्थामा सो मौलिक हकको कार्यान्वयन गर्न रोजगारी हक सम्वन्धि ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भएको छ । उक्त ऐनले प्रत्येक स्थानीय तह मातहत रहने गरि रोजगार सेवा केन्द्रको स्थापना भई बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने कार्य हुदै आएको छ। रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरेको छ। यस नगरपालिकामा २०७५ साल फाल्गुन २६ गते देखि औपचारिक रुपमा रोजगार सेवा केन्द्रको स्थापना भई सञ्चालनमा रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार आ.व. २०८०/८१ का लागि सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गरिएको थियो।

यस नगरपालिकामा कुल २५२ जना बेरोजगार व्यक्तिहरु सूचीकृत रहेको थियो। सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गर्न युवा रोजगरीको लागि रुपान्तरण पहल परियोजना सञ्चालन गर्न रु. २६ लाख ७२ हजार रुपैयाँ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न रु. १८ लाख २२ हजार रुपैयाँ बजेट सशर्त अनुदान मार्फत प्राप्त भएको थियो। बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा सामिल गराउन युवारुप (विश्व बैंक) अन्तर्गत १० वटा र प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) अन्तर्गत ५ वटा गरी कुल १५ वटा रोजगार आयोजनाहरु सञ्चालन गरिएको थियो । यस नगरपालिकाको सबै वडाहरुलाई समेटने गरी नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना, वडा नं. १, २, ३, ५, ७, ८ र ९ मा वडास्तरीय नाला सरसफाई आयोजना, वडा नं. ५ र ८ मा सडक मर्मत आयोजना, वडा नं. ५, ७ र ८ मा कुलो, पैनी र नहर मर्मत आयोजना र वडा नं. ३ मा सामुदायिक पूर्वाधार निर्माण आयोजना सञ्चालन गरिएको थियो।

सामुदायिक पूर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा कुल ६६ जना बेरोजगार व्यक्तिहरुले औषत ८१ दिनको रोजगारी प्राप्त गरेको थियो भने ज्यालामा कुल जम्मा ३५ लाख ५५ हजार ९६ रुपैयाँ खर्च भएको थियो। प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ १६९७ दिन र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना तर्फ ३६२५ दिन गरी कुल ५३२२ दिनको रोजगारी सिर्जना भएको थियो। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत मुस्लिम, दलित तथा महिलाहरु बढी लाभान्वित भएका थिए। अन्त्यमा यस प्रतिवेदन लेखन कार्यमा सहयोग गर्नु हुने प्राविधिक सहायक र रोजगार सहायकलाई विशेष धन्यवाद सहित हार्दिक आभार प्रकट गर्दछु।

संदीप कुमार साह
रोजगार संयोजक

मितिः २०८१/०४/०१

## परोहा नगरपालिकाको भौगोलिक बनावट



# विषयसूची


१. पृष्ठभूमि ..... ७

२. नगरपालिकाको परिचय ..... ८

३. कार्यक्रमको दीर्घकालीन सोंच ..... ९

४. कार्यक्रमको लक्ष्य ..... ९

५. कार्यक्रमको उद्देश्य ..... ९

६. रोजगार सेवा केन्द्रबाट विभिन्न सेवा शुरुआतको संक्षिप्त जानकारी ..... ९

७. रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरु ..... १०

८. स्थानीय निर्देशक समिति ..... १०

९. स्थानीय निर्देशक समितिको बैठक ..... १०

१०. रोजगार सेवा केन्द्रले गरेका प्रयास ..... ११

११. रोजगारी सम्बन्धी स्थानीय नीति तथा कानूनहरु ..... ११

१२. रोजगार सेवा केन्द्रबाट सञ्चालित क्रियाक्लापहरु ..... ११

१२.१ श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम ..... ११

१२.१.१ वडास्तरीय अभिमुखीकरण कार्यक्रम ..... ११

१२.१.२ छलफल गरिएको विषयवस्तु ..... १२

१२.१.३ कार्यक्रमको उपलब्धि ..... १२

१२.२ रोजगार सम्वाद मञ्च ..... १२

१२.३ रोजगार रणनीतिक योजनाको कार्यान्वयन ..... १३

१२.३.१ कार्यक्रममा छलफल गरिएको विषयवस्तु ..... १४

१२.३.२ कार्यक्रमको उपलब्धि ..... १४

१२.४ पुनःश्रम स्वीकृति ..... १४

१२.४.१ रोजगार सेवा केन्द्रबाट हुने पुनः श्रम स्वीकृतिको फाईदा ..... १५

१२.५ बेरोजगार व्यक्तिहरुको लगत संकलन ..... १५

१२.५.१ लिंगका आधारमा वडागत बेरोजगार व्यक्तिहरुको विवरण ..... १६

१२.५.२ जातजातिका आधारमा बेरोजगार व्यक्तिहरुको विवरण ..... १६

१२.५.३ उमेर समूहका आधारमा बेरोजगार व्यक्तिहरुको विवरण ..... १७

१२.५.४ साक्षरताका आधारमा बेरोजगार व्यक्तिहरुको विवरण ..... १७

१३. स्रोत अनुसार योजना र संख्या ........ १८
१४. क्षेत्रगत आयोजना र संख्या ........ १८
१५. युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना ........ १८
१५.१ सडक मर्मत आयोजना ........ १९
१५.३ वडास्तरीय नाला सरसफाई आयोजना ........ २०
१५.३ नहर, कुलो र पैनी मर्मत तथा सरसफाई आयोजना ........ २२
१६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना ........ २४
१६.१ वडास्तरीय नाला सरसफाई आयोजना ........ २४
१६.२ नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना ........ २५
१६.३ कुलो मर्मत तथा सरसफाई आयोजना ........ २६
१६.४ कब्रिस्तानमा हाता खन्ने आयोजना ........ २७
१७. रोजगारीमा संलग्न दिन र संख्या ........ २७
१८. आयोजनाको अनुगमन तथा मूल्याङ्कन ........ २८
१९. कर्मचारीहरुको विवरण ........ २९
२०. कार्यक्रमका मुख्य उपलव्धीहरु ........ २९
२१. कार्यक्रमका अवसरहरु ........ ३०
२२. कार्यक्रमका  चुनौतीहरु ........ ३१
२३. वित्तीय प्रगति ........ ३१
२४. सामाजिक र आर्थिक प्रभाव ........ ३१
२५. सल्लाह र सुझावहरु ........ ३२
२६. निश्कर्ष ........ ३४
अनुसूची १ ........ ३५
अनुसूची-२ ........ ४६
अनुसूची-३ ........ ४७
अनुसूची-४ ........ ४८

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३३ मा मौलिक हकको रुपमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक हुनेछ भने भएको व्यवस्थालाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नेपाली नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो। सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट मार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसरहरु सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिक वाध्यताले वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो। सो अनुसार वि.सं. २०७५ फाल्गुन १ गते सम्मानीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो।

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक, रोजगारी छनौट गर्न पाउने हक, धारा ३४ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यास गर्न पाउने हक तथा धारा ४३ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ। त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत धारा ५१ (राज्यका नीतिहरु) को (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार व्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरुको सूचना संकलन, पहिचान र सूचीकरण, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार परोहा नगरपालिकामा विधिवत रुपमा मिति २०७५ फाल्गुन २६ गते रोजगार सेवा केन्द्रको स्थापना भएको हो। प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन हरेक वर्षको फाल्गुन महिनामा सूचीकृत हुन निवेदन दिनु पर्ने प्रावधान छ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरिने व्यवस्था गरेको छ। यसरी सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, सरसफाई, नदी नियन्त्रण, वन, पर्यटन, यातायात, पूर्वाधार लगायतका अन्य सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने छ। प्रधानमन्त्री रोजगार कार्यक्रमले यी कामहरुको अलावा बेरोजगार व्यक्तिहरुको लागि रोजगार सेवा तथा सहायता,

बेरोजगार व्यक्तिहरुको क्षमता अभिवृद्धि तथा स्वरोजगारी, रोजगारी सृजनामा नीजि क्षेत्रहरुसँग सहकार्य र समन्वय समेत गरिनेछ।

नेपालको संघीय संरचना तीन तहको रहेको छ । तीनै तहका सरकारहरूलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ । तीनै तहका सरकार अन्तर्गतका निकायहरूबाट सार्वजनिक विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू संचालन हुने गरेका छन् । यसरी विभिन्न तहका सरकार र निकायहरूबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू बीच समन्वय र सहकार्यको कमीले गर्दा रोजगारी सिर्जना प्राथमिकतामा नपरेको देखिन्छ।

रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्र मार्फत हुने भई सबै स्थानीय तहमा श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ। यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्ति बीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ। श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएको श्रमिकको माग र आपूर्तिका बीचमा अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रमहरु समेत संचालन गरिनेछन। बेरोजगार व्यक्तिहरुले आफूसंग भएको सोच, सीप र अनुभवका आधारमा स्वारोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न उद्यशीलता तालिम प्रदान गर्ने र उद्यमको अवधारणाको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपलब्ध गराउने व्यवस्था समेत यस कार्यक्रम मार्फत गरिनेछ।

## २. नगरपालिकाको परिचय

मधेश प्रदेश अन्तर्गतका जिल्लाहरू मध्ये एक हो रौतहट जिल्ला । रौतहट जिल्लामा रहेका अठारह स्थानीय तहहरू मध्येको एक स्थानीय तह हो परोहा नगरपालिका । यो नगरपालिका जिल्लाको दक्षिण पश्चिम भेगमा अवस्थित रहेको छ। साविकका गा.वि.स.हरू जिंगडवा बेल्बिछवा, तेजापाकड, लौकाहा, बसन्तपट्टी, नरकटिया र रामपुर खाप मिली यस परोहा नगरपालिकाको गठन भएको छ। यस नगरपालिकामा जम्मा ९ वटा वडाहरू रहेको छ । भारतको बिहार राज्यसंग सिमाना टाँसिएको यस नगरपालिकाको पूर्वमा यमुनामाई गाउँपालिका, पश्चिममा बैधीमाइ नगरपालिका, उत्तरमा देवाही गोनाही नगरपालिका र दक्षिणमा राजपुर नगरपालिका तथा ईशनाथ नगरपालिका पर्दछन्।

| | |
|---|---|
| क्षेत्रफल | ३७.४५ वर्ग कि.मी. |
| कुल जनसंख्या | ४५७०२ |
| साक्षरता दर | ५५ प्रतिशत |

| | |
|---|---|
| बेरोजगारी दर | ११.६ प्रतिशत |
| आर्थिक रुपमा सक्रिय जनसंख्या | ५९.९ प्रतिशत |
| आर्थिक रुपमा निश्क्रिय जनसंख्या | ४०.१ प्रतिशत |
| विदेशमा बसोबास गर्ने परिवार संख्या | ३.५ प्रतिशत |
| विदेशमा बसोबास गर्ने अनुपस्थित जनसंख्या | १७१६ |
| विदेशमा बसोबास गर्ने अनुपस्थित पुरुष जनसंख्या | १६५२ |
| विदेशमा बसोबास गर्ने अनुपस्थित महिला जनसंख्या | ६४ |

## ३. कार्यक्रमको दीर्घकालीन सोंच

ज्ञान, सीप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तिको विकास र उत्पादनशील आन्तरिक रोजगारी सिर्जना मार्फत श्रमशक्तिको स्वदेशमै पूर्ण उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न **सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु** यस कार्यक्रमको दीर्घकालीन सोच रहेको छ।

## ४. कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना गरि आगामी ५ वर्ष भित्र वैदेशिक रोजगारीमा जाने वाध्यात्मक अवस्थाको अन्य गर्नका लागि **"आन्तरिक रोजगारिका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन"** लक्ष्य निर्धारण गरेको छ।

## ५. कार्यक्रमको उद्देश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले माथि उल्लेखित सोंच र लक्ष्य हासिल गर्न देहाय अनुसारका उद्देश्यहरु रहेका छन्ः

- बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने,
- दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने,
- सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने,
- आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने,
- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने,
- आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने,

## ६. रोजगार सेवा केन्द्रबाट विभिन्न सेवा शुरुआतको संक्षिप्त जानकारी

| रोजगार सेवा केन्द्रको स्थापना | २०७५ फागुन २६ |
|---|---|
| पुनः श्रम स्वीकृति सेवाको शुरुवात | २०८० बैशाख ०३ |
| रोजगार रणनीतिक योजना स्वीकृत | २०८० बैशाख २० |

| | |
|---|---|
| रोजगार सम्वाद मञ्चको पहिलो बैठक | २०८० असार १७ |
| पुनः श्रम स्वीकृतिमा सहजीकरण | २०८० असार २९ |

## ७. रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरु

- बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण
- सार्वजनिक निर्माण कार्यमा रोजगारीमा खटाउने कार्य
- सीप तथा क्षमता विकास
- श्रमको सम्मान, राष्ट्रको अभियान
- रोजगार सम्वाद मञ्चको सञ्चालन
- वैदेशिक रोजगार सम्बन्धी सेवा
- पुनः श्रम स्वीकृति सम्बन्धी सेवा
- कल्याणकारी सेवाहरुमा सहजीकरण
- रोजगार परामर्श तथा रेफरल सेवा
- रोजगार विनिमय सेवा

## ८. स्थानीय निर्देशक समिति

स्थानीय तह भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्न तथा नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि प्रत्येक स्थानीय तहमा एउटा स्थानीय निर्देशक समिति रहनेछ। स्थानीय निर्देशक समितिका पदाधिकारी र सदस्यहरुको विवरण निम्नानुसार रहेका छन्।

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | शेख वकील | प्रमुख | ९८५५०४०२०३ | अध्यक्ष |
| २ | सुगन्धी गिरी | उपप्रमुख | ९८६५४११७३४ | सदस्य |
| ३ | मो. महफुज अहमद | प्र.प्र.अ. | ९८५५०४४०२३ | सदस्य |
| ४ | मो. समिउल्लाह | वडा अध्यक्ष | ९८४५३५३५८२ | सदस्य |
| ५ | जवाहर लाल राय यादब | वडा अध्यक्ष | ९८४५२१५१९१ | सदस्य |
| ६ | संदीप कुमार साह | रोजगार संयोजक | ९८५११८८२१० | सदस्य सचिव |

## ९. स्थानीय निर्देशक समितिको बैठक

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने विभिन्न क्रियाकलाप एवं कार्यक्रमहरुलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक विषयमा नीतिगत सल्लाह, सुझाव, परामर्श एवं निर्देशनको लागि आ.व. २०८०/८१ मा तपसिलका मितिमा स्थानीय निर्देशक समितिको बैठक बसी आवश्यक निर्णयहरु गरिएको थियो।

**तपसिल**

- मिति २०८० भदौं ३ गते
- मिति २०८० माघ २१ गते
- मिति २०८० चैत्र ४ गते
- मिति २०८१ बैशाख ७ गते

## १०. रोजगार सेवा केन्द्रले गरेका प्रयास

(क) बहुविषयगत तालिम केन्द्र स्थापनाका लागि विभिन्न विकास साझेदारहरुसंग पहल

(ख) रोजगारदाता सूचीकरणको लागि विभिन्न व्यवसायिक घरानाहरुलाई पत्राचार

(ग) नमुना रोजगार सेवा केन्द्र स्थापना तथा सञ्चालनका लागि मन्त्रालयमा पत्राचार

(घ) स्थानीय दक्ष व्यक्तिहरुको सूचीकरण

## ११. रोजगारी सम्बन्धी स्थानीय नीति तथा कानूनहरु

क) रोजगार सम्वाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९

ख) रोजगार रणनीतिक योजना, २०८०

## १२. रोजगार सेवा केन्द्रबाट सञ्चालित क्रियाक्लापहरु

आ.व. २०८०/८१ को साउन देखि असाढ मसान्तसम्मको अवधिमा रोजगार सेवा केन्द्रबाट सञ्चालित मुख्य कार्यक्रम एवं क्रियाक्लापहरु तल प्रस्तुत गरिएको छ।

### १२.१ श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम

नेपालमा जातजातीका आधारमा काम वा पेशाको बाँडफाँट गरिएकोले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरूमा सामाजिक प्रतिष्ठाका कारण युवा श्रमशक्तिहरूलाई आकर्षण गर्न सकिरहेको हुँदैन । सामाजिक प्रतिष्ठा कै कारण युवा श्रमशक्तिहरू विभिन्न कष्टहरू सहेर पनि वैदेशिक रोजगारीमा जाने बाध्यता रहेको छ । यसलाई निरुत्साहित गर्न श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८ जारी भई कार्यान्वयनमा रहेको छ। श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत यस नगरपालिकाको विभिन्न वडाहरुमा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिएको थियो।

#### १२.१.१ वडास्तरीय अभिमुखीकरण कार्यक्रम

१८-५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुलाई लगायत अन्य सरोकारवालहरुको सहभागितामा वडा नं. ५, ७, ८ र ९ मा श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। वडास्तरीय अभिमुखीकरण कार्यक्रम मिति २०८० फागुन १८ गतेका दिन वडा नं. ९ मा, मिति २०८० फागुन २२ गतेका दिन वडा नं. ८ मा, मिति २०८० फागुन २३ गतेका दिन वडा नं. ७ मा र मिति २०८० फागुन २४ गतेका दिन वडा नं. ५ मा सञ्चालन गरिएको थियो। अभिमुखीकरण कार्यक्रममा वडा नं. ९ मा ३३ जना, वडा नं. ८ मा ३१ जना, वडा नं. ७ मा ३० जना र वडा नं. ५ मा ३३ जना गरी कुल १२७ जनाको सहभागिता रहेको थियो।

### १२.१.२ छलफल गरिएको विषयवस्तु

श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी वडा स्तरीय अभिमुखीकरण कार्यक्रममा निम्न विषयवस्तुहरु छलफल गरिएको थियो।

- नेपालको संविधानमा श्रम तथा रोजगार सम्बन्धी मौलिक हक तथा राष्ट्रिय नीति
- रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावलीको संक्षिप्त जानकारी
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको संक्षिप्त जानकारी
- श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८

### १२.१.३ कार्यक्रमको उपलब्धि

श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रमबाट निम्नानुसारका उपलब्धीहरु हासिल हुने अपेक्षा गरिएको थियो।

- नेपालको संविधान, रोजगारीको हक सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकामा रोजगारी सम्बन्धी भएको व्यवस्थाहरुको बारेमा जानकारी हुने,
- स्वदेशमा नै काम गर्ने संस्कृतिको विकास हुने,
- श्रमिक व्यवसायिक हुन सहयोग पुग्ने,
- काममा भेदभाव गर्ने मानसिकताको अन्त्य हुने,
- श्रम शोषण न्यूनीकरणमा सहयोग पुग्ने,
- रोजगार सेवा केन्द्रको काम कर्तव्य सम्बन्धी जानकारी हुने,
- श्रमको सम्मान, राष्ट्रको अभियानको प्रचारप्रसार हुने,
- रोजगारी सम्बन्धी कार्यमा वडा कार्यालयको भूमिका बारे स्पष्ट हुने,
- प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी जानकारी हुने।

## १२.२ रोजगार सम्वाद मञ्च

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४७ र एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा २१ मा रोजगार सम्वाद मञ्चको व्यवस्था गरिएको छ। रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम २४ बमोजिम परोहा नगरपालिकाले रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ नगर कार्यपालिकाबाट स्वीकृत भई जारी गरिएको छ। रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाहरुको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न, रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवम् सञ्चार जगत समेतको सहभागिता रहने गरी रोजगार सम्वाद मञ्चको गठन भई मिति २०८१ असाढ ११ गतेका दिन दोस्रो बैठक बसी विभिन्न विषयवस्तुहरु माथि छलफल गरिएको थियो।

## १२.३ रोजगार रणनीतिक योजनाको कार्यान्वयन

देशमा बढदै गरेको बेरोजगारीको समस्यालाई समाधान गर्न तथा अन्तरिक रोजगारीका पर्याप्त अवसरहरुको कमीका कारण रोजगारीका लागि वैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्थालाई निरुत्साहित गर्न स्थानीय तहभित्रै आन्तरिक रोजगारीका पर्याप्त अवसरहरु सिर्जना गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरि आवश्यक्ता अनुसार सीपयुक्त, दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गरि श्रम बजारमा आपूर्ति गर्ने अभिप्रायले नेपाल मै पहिलो पटक मिति २०८० बैशाख २० गतेका दिन रोजगार रणनीतिक योजना कार्यपालिकाबाट स्वीकृत गरी सार्वजनिक गरिएको थियो।

6/3/23, 4:30 PM परोहा नगरपालिकाद्वारा रोजगार रणनीतिक योजना '२०८०' जारी « प्रशासन



काठमाडौं। रौतहटको परोहा नगरपालिकाले रोजगार रणनीतिक योजना जारी गरेको छ।

नेपाल सरकारले ७५३ वटै स्थानीय तहलाई निर्देशन गरे बमोजिम नगरपालिकाले बढ्दो बेरोजगारीको समस्यालाई साधानका लागी आन्तरिक रोजगारी सिर्जना गरी वाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने उद्देश्यले रोजगार रणनीतिक योजना '२०८०' जारी गरेको हो।

परोहा नगरपालिकाभित्रका सबै नागरिकलाई सुरक्षित र मर्यादित रोजगारीका अवसर उपलब्ध गराउन, श्रमिकहरुको आधारभूत अधिकार सुनिश्चित गर्दै रोजगारीसंग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्न, आन्तरिक तथा वैदेशिक रोजगारीका अवसरहरूको जानकारी उपलब्ध गराउन, आन्तरिक रोजगारी सिर्जनाका लागि रोजगार प्रर्वद्धन गर्न, श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न, रोजगारीका सम्भावना तथा अवसरहरूको पहिचान गर्न, स्वरोजगारका अवसर सम्बन्धी जानकारी उपलब्ध गराउन, स्थानीय तहमा रहेका रोजगारदाताको प्रोफाइल निर्माण गर्न, रोजगार विनिमय सेवा, उद्यमशिलता विकास, सुरक्षित आप्रवासन, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषणमुक्त बनाउन तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनःएकीकरण लगायतका विषयमा एकीकृत रुपमा सेवा प्रवाह गर्ने उद्देश्य राखेर परोहा नगरपालिकाले रोजगार रणनीतिक योजना जारी गरिएको हो।

परोहा नगरपालिकाको स्थानीय रोजगार रणनीतिक योजनाको अनुसूची १ को क्र.सं. ५.३ मा वैदेशिक रोजगारीका अवसर र चुनौती सम्बन्धी जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न यस नगरपालिकाको वडा नं. ५, ७ र ८ का वैदेशिक रोजगारीमा जाने युवायुवतीहरुलाई लक्षित गरी वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउन वैदेशिक रोजगारमा जाने कामदारहरुलाई सत्य तथ्य र भरपर्दो सूचना तथा आधारभूत जानकारी उपलब्ध गराउने लक्ष्य राखिएको थियो। यो जनचेतना अभिवृद्धि कार्यक्रम वडा नं. ५ मा २५ जना, वडा नं. ७ मा २७ जना र वडा नं. ८ मा मिति २०८१/०१/३० गते, वडा नं. ७ मा मिति २०८१/०१/३१ गते र वडा नं.

५ मा मिति २०८१/०२/०१ गतेका दिन सम्बन्धित वडा कार्यालयहरुमा नै सञ्चालन गरिएको थियो। कार्यक्रमको अवधि १/१ दिनको रहेको थियो। वैदेशिक रोजगारमा जाने सम्भावना भएका १८ वर्ष उमेर पुगेका व्यक्तिहरुलाई लक्षित गरी यस जनचेतना अभिवृद्धि कार्यक्रममा वडा नं. ५ मा २४ जना, वडा नं. ७ मा २४ जना र वडा नं. ८ मा ३० जना गरी कुल ७८ जना सहभागीहरुको सहभागिता रहेको थियो।

### १२.३.१ कार्यक्रममा छलफल गरिएको विषयवस्तु

वैदेशिक रोजगारीका अवसर र चुनौती सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रममा निम्नलिखित विषयवस्तुहरु माथी छलफल गरिएको थियो।

- वैदेशिक रोजगारको परिभाषा, आवश्यकता र महत्व ,
- वैदेशिक रोजगारको वर्तमान अवस्था, अवसर, सम्भावना र चुनौती,
- वैदेशिक रोजगार सम्बन्धी कानुनी व्यवस्था,
- वैदेशिक रोजगारमा जाँदा ध्यान दिनु पर्ने कुराहरु,
- विदेशबाट पैसा पठाउने तरिकाहरू,
- वैदेशिक रोजगारका क्रममा घटना/दुर्घटना भए रोजगार सेवा केन्द्रको भूमिका।

### १२.३.२ कार्यक्रमको उपलब्धि

वैदेशिक रोजगारीका अवसर र चुनौती सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएपछि निम्नानुसार उपलव्धीहरु हासिल हुने अपेक्षा गरिएको थियो।

- वैदेशिक रोजगारका विभिन्न समस्याहरुका वारेमा सहभागीहरु स्पस्ट हुने,
- वैदेशिक रोजगारमा जाने प्रकृयाका वारेमा सहभागीहरु स्पस्ट हुने,
- वैदेशिक रोजगारका फाइदा वेफाइदाका वारेमा वताउन सक्ने,
- वैदेशिक रोजगार सम्वन्धि कानुनी प्रावधानहरुका वारेमा स्पस्ट हुने,
- वैदेशिक रोजगारमा जाने ब्यक्तिहरु विभिन्न किसिमका ठगीबाट जोगिन सक्ने,
- वैदेशिक रोजगारमा जाँदा ध्यान दिनु पर्ने कुराहरु प्रति सजग हुने।

### १२.४ पुनःश्रम स्वीकृति

वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउन मिति २०७९/१२/१६ गतेको नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री) स्तरीय निर्णय अनुसार मिति २०८० बैशाख १ गते देखि वैदेशिक रोजगारीमा जानेहरु व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि स्थानीय तहको रोजगार सेवा केन्द्रबाट नै आवेदन गर्न सक्ने निर्णय भए बमोजिम यस नगरपालिका अन्तर्गत रहेका रोजगार सेवा केन्द्रमार्फत मिति २०८० बैशाख ३ गते देखि आवेदन गर्न सकिने व्यवस्था गरिएको थियो। तत्पश्चात यस नगरपालिकाबाट पहिलो पटक पुनः श्रम स्वीकृति सम्बन्धी सहजीकरण गर्ने कार्य मिति २०८० असाढ २९ गतेका दिन भएको थियो। आ.व. २०८०/८१ मा यस नगरपालिका अन्तर्गतका

रोजगार सेवा केन्द्रमार्फत १३ (तेह्र) जना व्यक्तिहरुले पुनः श्रम स्वीकृति सम्बन्धी सेवा प्राप्त गरेका थिए। व्यक्तिगत पुनः श्रम स्वीकृति सम्बन्धी सेवा लिने व्यक्तिहरुको विवरण यस प्रकार रहेको छ।

| क्र.सं. | श्रम स्वीकृति लिने व्यक्तिको नाम | गन्तव्य मुलुकको नाम | कैफियत |
|---|---|---|---|
| १ | महमद नाजिर अंसारी | कतार | |
| २ | शेख मेराज | कतार | |
| ३ | शेख अल्ताब | कतार | |
| ४ | नसिम अंसारी | कतार | |
| ५ | मुसिम अंसारी | कतार | |
| ६ | शेख मोनफ | मलेसिया | |
| ७ | शेख अलाहुदीन | मलेसिया | |
| ८ | मानोज कुमार साह | साउदी अरब | |
| ९ | प्रमोद पटेल | साउदी अरब | |
| १० | मो. साजिद अली | कतार | |
| ११ | रिजवान अंसारी | कतार | |
| १२ | रजनीकान्त प्रसाद | मलेसिया | |
| १३ | ब्रिज किशोर प्रसाद | मलेसिया | |

### १२.४.१ रोजगार सेवा केन्द्रबाट हुने पुनः श्रम स्वीकृतिको फाईदा

सरकारको परिपत्र अनुसार स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र मार्फत पुनः श्रम स्वीकृतिका लागि रोजगार सेवा केन्द्रले आवश्यक सहजीकरण गर्ने कार्यको शुरुआत भएको हो। जसको परिणाम स्वरुप पुनः श्रम स्वीकृति लिन सेवाग्राहीलाई सजिलो भएको छ, खर्च वा लागत पनि घटेको छ, नगरपालिकाबाटै सेवा सुरु भएपछि सहज भएको छ, पैसा र समय दुवैको बचत हुने गर्छ, ठगिने अवस्थाको पनि अन्त्य भएको छ।

### १२.५ बेरोजगार व्यक्तिहरुको लगत संकलन

रोजगारीको हक सम्बन्धी ऐन, नियमावलीमा भएको व्यवस्था अनुसार आ.व. २०७९/८० को फागुन महिना भरि यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु मार्फत बेरोजगार व्यक्तिहरुको निवेदन संकलनको काम गरिएको थियो। बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलनका लागि वडा सचिवहरुलाई अनुशिक्षण र जनप्रतिनिधिलाई अभिमुखीकरण पश्चात नगरपालिकाका सबै वडा कार्यलयहरुमा निवेदन दर्ता गर्न सूचना प्रकाशन गरिएको थियो। सर्व साधारणको जानकारीको लागि उक्त सूचनालाई स्थानीय एफ. एम. रेडियो, नगरपालिकाको फेसवुक पेज, वेभसाइट तथा चौकीदारहरुमार्फत माईकिङ्ग गर्नुको साथै यस नगरपालिका एवं अन्तर्गतका कार्यालयहरुको सूचना पाटीमा समेत सूचना टाँसिएको थियो। तत् पश्चात हरेक वडा कार्यालयहरुमा निशुल्क रुपमा निवेदन फारम पाउने व्यवस्था गरिएको थियो। नगरपालिका भरिमा कुल २५२ जना बेरोजगार व्यक्तिहरुले रित पूर्वक निवेदन दर्ता

गराएको थियो। निवेदन दिनेहरुमा महिला कै सहभागिता अधिक रहेको थियो। उमेर समूहको आधारमा २६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिहरुको निवेदन अत्यधिक रहेका थिए। शैक्षिक योग्यता भएका बेरोजगार व्यक्तिहरुको निवेदन थोरै रहेको थियो भने निरक्षर व्यक्तिहरुको निवेदन बढी दर्ता भएको थियो। प्राप्त निवेदनहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

### १२.५.१ लिंगका आधारमा वडागत बेरोजगार व्यक्तिहरुको विवरण

परोहा नगरपालिकामा सूचीकृत भएका कुल २५२ जना बेरोजगार व्यक्तिहरु मध्ये लिङ्गगत आधारमा पुरुष ९८ जना अर्थात ३८.८८ प्रतिशत रहेका थिए भने महिला १३४ जना अर्थात ६१.१२ प्रतिशत रहेका थिए। तुलानात्मक रुपमा यस कार्यक्रम प्रति पुरुषको भन्दा महिलाको आकर्षण अत्यधिक रहेको देखाउँछ। महिलाहरु घरेलु तथा कृषि क्षेत्रको काम गर्ने गरेको अवस्था रहेको भएतापनि गत विगत वर्षहरुको तुलनामा महिलाहरुमा पनि सार्वजनिक पूर्वाधार विकासको क्षेत्रमा काम गर्ने प्रवृति दिनप्रति दिन विकास हुदै गएको देखिन्छ। बेरोजगार व्यक्तिहरुको लिंगीय प्रतिशत तल प्रस्तुत गरिएको छ।

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ८ | २ | १० |
| २ | २३ | ३ | २६ |
| ३ | १३ | १ | १४ |
| ४ | ५ | ३० | ३५ |
| ५ | ९ | २६ | ३५ |
| ६ | ५ | १२ | १७ |
| ७ | १६ | १७ | ३३ |
| ८ | ११ | २८ | ३९ |
| ९ | ८ | ३५ | ४३ |
| **जम्मा** | **९८** | **१५४** | **२५२** |




### १२.५.२ जातजातिका आधारमा बेरोजगार व्यक्तिहरुको विवरण

परोहा नगरपालिकामा सूचीकृत भएका बेरोजगार व्यक्तिहरु मध्ये सवैभन्दा बढी मधेशी समूह (यादब, तेली, महतो, बैठा, पटेल, सहनी आदि) भित्रको रहेको थियो। तुलानात्मक रुपमा यो नगरपालिकाको बसोवासको हिसावले हेर्दा यहाँ मुस्लिम जातिको सघनता रहेको छ। यस नगरपालिकामा सुचीकृत बेरोजगार व्यक्तिहरु मध्ये दलित ७३ जना अर्थात २८.९६ प्रतिशत, मुस्लिम ७६ जना अर्थात ३०.१५ प्रतिशत, मधेशी १०१ जना अर्थात ४०.०८ प्रतिशत र अन्य जातजातिको संख्या २ अर्थात ०.७९



प्रतिशत रहेको थियो। जसको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

### १२.५.३ उमेर समूहका आधारमा बेरोजगार व्यक्तिहरुको विवरण




नेपालमा पहिलो पटक बेरोजगार व्यक्तिहरुको पहिचान गरि बेरोजगार व्यक्तिहरुलाई न्यूनतम् रोजगारीको प्रत्याभूती गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १०० दिनको रोजगारीको व्यवस्था गरेको छ । यस कार्यक्रमको माध्यमबाट आन्तरिक रोजगारी सृजना गर्नु साथै बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा तथा सहायता, सीप तथा क्षमता विकास कार्यक्रम सञ्चालन समेत सञ्चालन गर्ने लक्ष्य रहेको छ । आ.व. २०८०/८१ मा यस नगरपालिकामा सूचीकृत भएका कुल २५२ जना बेरोजगार व्यक्तिहरु मध्ये २४ जना अर्थात ९.५२ प्रतिशत व्यक्ति १८-२५ वर्ष उमेर समूहका, १२६ जना अर्थात ५०.० प्रतिशत व्यक्ति २६-४० वर्ष उमेर समूहका, १०२ जना अर्थात ४०.४८ प्रतिशत व्यक्ति ४१-५९ वर्ष उमेर समूहका रहेका थिए। सबैभन्दा बढी बेरोजगार व्यक्तिहरुको संख्या २६-४० वर्ष समूहको र सबैभन्दा कम १८-२५ वर्ष उमेर समूहभित्रको रहेको थियो।

### १२.५.४ साक्षरताका आधारमा बेरोजगार व्यक्तिहरुको विवरण




आ.व. २०८०/८१ मा यस परोहा नगरपालिकामा बेरोजगार व्यक्तिको सूचीमा सूचीकरण भएका मध्ये सवैभन्दा वढी २३२ जना अर्थात ९२.०६ प्रतिशत निरक्षर व्यक्तिहरुको संख्या रहेको थियो भने साक्षर व्यक्तिहरुको संख्या २० जना अर्थात ७.९४ प्रतिशत रहेको थियो । तुलानात्मक रुपमा साक्षर भन्दा पनि निरक्षर व्यक्तिहरु जससंग सीप, दक्षता र अनुभव हुदैन, जो श्रम बजारमा सजिलै प्रवेश गर्न सक्दैन, तिनीहरुको रुझान यस कार्यक्रम प्रति अत्यधिक रहेको देखिन्छ।

## १३. स्रोत अनुसार योजना र संख्या

आ.व. २०८०/८१ मा यस परोहा नगरपालिकामा विश्व बैंकको स्रोतबाट युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत १० वटा आयोजनाहरु सञ्चालन गरिएको थियो भने नेपाल सरकारको स्रोतबाट ५ वटा आयोजनाहरु सञ्चालन गरिएको थियो । समग्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा कुल १५ वटा कामका लागि पारिश्रमिकमा आधारित आयोजना गरिएको थियो ।




## १४. क्षेत्रगत आयोजना र संख्या

आ.व. २०८०/८१ मा यस नगरपालिकामा सञ्चालित कुल १५ वटा आयोजनाहरु मध्ये सबैभन्दा बढी ६ वटा खानेपानी तथा सरसफाई क्षेत्रका रहेको थियो भने सबभन्दा कम १/१ वटा वन तथा वातावरण क्षेत्र र सामुदायिक पूर्वाधार निर्माण क्षेत्रका रहेको थियो । त्यस्तै उर्जा, सिंचाई तथा नदी नियन्त्रण क्षेत्रका ४ वटा र सडक यातायात क्षेत्र ३ वटा रहेको थियो ।




## १५. युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना

युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत आयोजना सञ्चालन गर्न कुल बजेट रकम रु. २६७२०००.०० (अक्षेरेपी छब्बिस लाख बहत्तर हजार रुपैयाँमात्र) विनियोजन गरिएको थियो । यस अन्तर्गत सञ्चालन हुने आयोजनाहरु युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा २३ बमोजिमको आयोजनाहरु सञ्चालन गरिएको थियो । युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनामा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नै श्रमिकको रुपमा परिचालन गरिएको थियो । पहल परियोजना अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको बजेट रकमको शत प्रतिशत रकम ज्यालामा खर्च

गरिएको थियो । यस परियोजना अन्तर्गत सार्वजनिक पूर्वाधार मर्मत, सम्भार तथा सुधार सम्बन्धी आयोजनाहरु गरिने भएकोले सोही बमोजिमका १० वटा रोजगारमूलक आयोजनाहरु सञ्चालन गरिएको थियो ।

यस परोहा नगरपालिकाको वडा नं. ५, ७, ८ र ९ मा खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना, वडा नं. ५ र ८ मा सडक यातायात सम्बन्धी आयोजना, वडा नं. ५, ७ र ८ मा उर्जा, सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी आयोजना सञ्चालन गरिएको थियो । रुपान्तरण पहल परियोजनामा कुल ४० जना बेरोजगार व्यक्तिहरुलाई श्रमिकको परिचालन गरिएको थियो । यस अन्तर्गत सञ्चालन भएका आयोजनाहरुमा कुल ३६२५ दिनको रोजगारी सिर्जना भएको थियो । युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत न्यूनतम् रोजगारी प्राप्त गर्ने व्यक्तिहरुले औषत ९१ दिनको रोजगारी प्राप्त गरेका थिए भने रोजगारी सिर्जना (आई.डि.ए.) बजेट रकमको ९०.६३ प्रतिशत रकम ज्यालामा खर्च गरिएको थियो । यस परियोजना अन्तर्गत सञ्चालित आयोजनाहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

### १५.१ सडक मर्मत आयोजना

| योजनाको नाम: | सडक मर्मत आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगाना: | परोहा नगरपालिका, वडा नं. ५, नमनगरा र भेडियाही |
| योजनाको लागत: | रु. २४२५६९.१७ |
| ज्यालामा भएको कुल खर्च: | रु. २०८४१६.०० |
| आयोजनाको क्षेत्र: | सडक तथा यातायात |
| ज्याला भुक्तानी माध्यम: | बैंक खाता |
| योजना अवधि: | २० दिन |
| योजना शुरु मिति: | २०८१ बैशाख २३ गते |
| योजना सम्पन्न मिति: | २०८० जेठ १२ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्या: | १८ जना |
| कुल रोजगारी दिन: | ३१२ |

| योजनाको नाम: | कब्रिस्तान देखि झोलुङ्गे पुल जाने सडक मर्मत आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगाना: | परोहा नगरपालिका, वडा नं. ८, नरकटिया |
| योजनाको लागत: | रु. ३७८७५६.१७ |
| ज्यालामा भएको कुल खर्च: | रु. ३३८००८.०० |
| आयोजनाको क्षेत्र: | सडक तथा यातायात |
| ज्याला भुक्तानी माध्यम: | बैंक खाता |
| योजना अवधि: | ३३ दिन |

| | |
|---|---|
| योजना शुरु मितिः | २०८१ जेठ १५ गते |
| योजना सम्पन्न मितिः | २०८० असार १८ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | १७ जना |
| कुल रोजगारी दिनः | ५०६ |

| योजनाको नामः | सडक तथा कल्भर्ट मर्मत आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ८, नरकटिया (मोतीपुर) |
| योजनाको लागतः | रु. ६४००२.७५ |
| ज्यालामा भएको कुल खर्चः | रु. ५८७८४.०० |
| आयोजना क्षेत्रः | सडक तथा यातायात |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | १४ दिन |
| योजना शुरु मितिः | २०८० मंसिर १० गते |
| योजना सम्पन्न मितिः | २०८० मंसिर २५ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | ८८ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपन्तरण पहल आयोजना मार्फत यस वडा नं. ५ र ८ मा सञ्चालन भएका सडक मर्मत आयोजनाहरुका उपलब्धीहरु यस प्रकार रहेका छन्।

- सडकमा भएको खाल्डा खुल्डीको अन्त्य भएको,
- सडकको दुबै किनारमा भएको झारपातहरुको सरसफाई भएको,
- सडकबाट उछिटएर खेतमा गएको ग्रावेलहरुलाई पुनः सडकमा राख्ने काम भएको,
- सडकमा भएको ह्युम पाईपहरुबाट पानीको आवागमन सहज हुन त्यसको सरसफाई भएको।

### १५.३ वडास्तरीय नाला सरसफाई आयोजना

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ९, रामपुर खाप |
| योजनाको लागतः | रु. २५३५०६.७८ |
| ज्यालामा भएको कुल खर्चः | रु. २५२५०४.०० |
| आयोजनाको क्षेत्रः | खानेपानी तथा सरसफाई |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |

| | |
|---|---|
| योजना अवधिः | ५४ दिन |
| योजना शुरु मितिः | २०८० माघ ०२ गते |
| योजना सम्पन्न मितिः | २०८० फागुन ३० गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | ३१८ |

| **योजनाको नामः** | **वडास्तरीय नाला सरसफाई आयोजना** |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ८, नरकटिया |
| योजनाको लागतः | रु. २६८७६७.८३ |
| ज्यालामा भएको कुल खर्चः | रु. २६७८६८.०० |
| आयोजनाको क्षेत्रः | खानेपानी तथा सरसफाई |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ५७ दिन |
| योजना शुरु मितिः | २०८० पौष २६ गते |
| योजना सम्पन्न मितिः | २०७९ फागुन २७ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | ४०१ |

| **योजनाको नामः** | **वडास्तरीय नाला तथा पैनी सरसफाई आयोजना** |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ७, नरकटिया |
| योजनाको लागतः | रु. २७७४८७.९६ |
| ज्यालामा भएको कुल खर्चः | रु. २७५८८४.०० |
| आयोजनाको क्षेत्रः | खानेपानी तथा सरसफाई |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ५९ दिन |
| योजना शुरु मितिः | २०८० मंसिर १० गते |
| योजना सम्पन्न मितिः | २०८० माघ १० गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | ४१३ |

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ५, नमनगरा/भेडियाही |
| योजनाको लागतः | रु. २४७७९०.०५ |
| ज्यालामा भएको कुल खर्चः | रु. ९६९३६.०० |
| आयोजनाको क्षेत्रः | खानेपानी तथा सरसफाई |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ५३ दिन |
| योजना शुरु मितिः | २०८० पौष ९ गते |
| योजना सम्पन्न मितिः | २०८० फागुन १५ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | ३६४ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत यस नगरपालिकाको वडा नं. ५, ७, ८ र ९ मा सञ्चालन भएका वडास्तरीय नाला सरसफाई आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन्।

- सडकको दुबै तिर भएको नालाको सरसफाई भएको,
- सडकको दुबै किनारमा भएको झारपातहरुको सरसफाई भएको,
- सार्वजनिक स्थलमा रहेको फोहोरमैलालाई डम्पिङ्ग गरिएको,
- नालाबाट निकालिएको फोहरलाई सडक किनारबाट फाल्ने काम भएको।

### १५.३ नहर, कुलो र पैनी मर्मत तथा सरसफाई आयोजना

| योजनाको नामः | नहर मर्मत तथा सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ७ र ८, नरकटिया |
| योजनाको लागतः | रु. ३९९१०६.१२ |
| ज्यालामा भएको कुल खर्चः | रु. ३९०७८०.०० |
| आयोजनाको क्षेत्रः | उर्जा, सिंचाई तथा नदी नियन्त्रण |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ३३ दिन |
| योजना शुरु मितिः | २०८० चैत्र ११ गते |
| योजना सम्पन्न मितिः | २०८१ बैशाख १५ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | १८ जना |

| | |
|---|---|
| कुल रोजगारी दिनः | ५८५ |

| योजनाको नामः | कुलो मर्मत तथा सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ७ नरकटिया |
| योजनाको लागतः | रु. २०१५०२.२ |
| ज्यालामा भएको कुल खर्चः | रु. १९१७१६.०० |
| आयोजनाको क्षेत्रः | उर्जा, सिंचाई तथा नदी नियन्त्रण |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ४१ दिन |
| योजना शुरु मितिः | २०८० माघ १५ गते |
| योजना सम्पन्न मितिः | २०८० फागुन ३० गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | २८७ |

| योजनाको नामः | पैनी मर्मत तथा सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ८, नरकटिया |
| योजनाको लागतः | रु. १९४६३८.५० |
| ज्यालामा भएको कुल खर्चः | रु. १९४३८८.०० |
| आयोजनाको क्षेत्रः | उर्जा, सिंचाई तथा नदी नियन्त्रण |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | २३ दिन |
| योजना शुरु मितिः | २०८० पौष १ गते |
| योजना सम्पन्न मितिः | २०८० पौष २३ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | १४ जना |
| कुल रोजगारी दिनः | २९१ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत यस नगरपालिकाको वडा नं. ७ र ८ मा सञ्चालन भएका कुलो, पैनी र नहर मर्मत तथा सरसफाई आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन्।

- कुलो/महरको डिलको मर्मत भएको,
- कुलो/नहरको पेटीमा भएको झारपातहरुको सरसफाई भएको,

- कुलो/नहरको पेटीमा पानी बग्न अवरोध गर्ने खाल्डाखुल्डी मर्मत भएको,
- कुलो/नहरको डिलमा भएको प्वालहरुलाई मर्मत गरिएको,
- कुलो/नहरको पेटी किनारलाई एक सतहमा बनाउने काम भएको,
- कुलो/नहरमा रहेको कल्भर्टलाई मर्मत गर्ने काम भएको,
- पैनीको मर्मत तथा सरसफाई भएको।

## १६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न कुल बजेट रकम रु. १८२२०००.०० (अक्षरेपी अठारह लाख बाईस हजार रुपैयाँमात्र) विनियोजन गरिएको थियो । यस अन्तर्गत सञ्चालन हुने आयोजनाहरु कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम सञ्चालन गरिएको थियो । यस अन्तर्गतका आयोजनाहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नै श्रमिकको रुपमा परिचालन गरिएको थियो। पहल परियोजना अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको बजेट रकमको शत प्रतिशत रकम ज्यालामा मात्र खर्च गरिएको थियो। यस अन्तर्गत सार्वजनिक पूर्वाधार मर्मत, सम्भार तथा निर्माण सम्बन्धी ५ (पाँच) वटा रोजगारमूलक आयोजनाहरु सञ्चालन गरिएको थियो।

यस परोहा नगरपालिकाको वडा नं. १,२ र ३ मा खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना, वडा नं. ३ मा सामुदायिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना, वडा नं. ५ मा उर्जा, सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी आयोजना र परोहा नगरपालिकाको सबै वडालाई समेटने गरी वन तथा वातावरण आयोजना सञ्चालन गरिएको थियो । यस अन्तर्गतका आयोजनाहरुमा कुल २६ जना बेरोजगार व्यक्तिहरुलाई श्रमिकको रुपमा परिचालन गरिएको थियो। यस अन्तर्गत सञ्चालन भएका आयोजनाहरुमा कुल १६९७ दिनको रोजगारी सिर्जना भएको थियो। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम् रोजगारी प्राप्त गर्ने व्यक्तिहरुले औषत ६५ दिनको रोजगारी प्राप्त गरेका थिए भने रोजगारी सिर्जना (नेपाल सरकार) बजेट रकमको ६२.२२ प्रतिशत रकम ज्यालामा खर्च गरिएको थियो।। यस अन्तर्गत सञ्चालित आयोजनाहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

### १६.१ वडास्तरीय नाला सरसफाई आयोजना

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. १,२ जिंगडवा |
| योजनाको लागतः | रु. २३४४६८.०० |
| ज्यालामा भएको कुल खर्चः | रु. २०८९७७.१२ |
| लागत साझेदारी गरिएको रकमः | खानेपानी तथा सरसफाई |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ४३ दिन |

| | |
|---|---|
| योजना शुरु मितिः | २०८१ बैशाख २७ गते |
| योजना सम्पन्न मितिः | २०८१ असार ८ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ८ जना |
| कुल रोजगारी दिनः | ३१६ |

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ३, तेजापाकड |
| योजनाको लागतः | रु. १३८५४९.२७ |
| ज्यालामा भएको कुल खर्चः | रु. १२५५८४.०० |
| आयोजनाको क्षेत्रः | खानेपानी तथा सरसफाई |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | २९ दिन |
| योजना शुरु मितिः | २०८१ जेठ १८ गते |
| योजना सम्पन्न मितिः | २०८१ असार १७ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | १८८ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १, २ र ३ मा सञ्चालन भएका वडास्तरीय सरसफाई आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन्।

- सडकको दुबै तिर भएको नालाको सरसफाई भएको,
- सडकको दुबै किनारमा भएको झारपातहरुको सरसफाई भएको,
- सार्वजनिक स्थलमा रहेको फोहोरमैलालाई डम्पिङ्ग गरिएको,
- नालाबाट निकालिएको फोहरलाई सडक किनारबाट फाल्ने काम भएको।

## १६.२ नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना

| योजनाको नामः | नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिकाको वडा नं. १-९ सम्म |
| योजनाको लागतः | रु. ५२८६००.८१ |
| योजनामा भएको कुल खर्चः | रु. ५१५६९६.०० |
| आयोजनाको क्षेत्रः | वन तथा वातावरण |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |

| | |
|---|---|
| योजना अवधिः | ७१ दिन |
| योजना शुरु मितिः | २०८० भदौ ५ गते |
| योजना सम्पन्न मितिः | २०८० मंसिर ३० गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | ११ जना |
| कुल रोजगारी दिनः | ७७२ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकारको मार्फत यस नगरपालिकामा सञ्चालन भएका नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन;

- सडकको दुबै तिर भएको बोट बिरुवाहरुको गोडमेल तथा सरसफाई गर्ने काम भएको,
- सडकको दुबै किनारमा भएको बोट बिरुवाहरुको संरक्षण गर्न बाँसका ठेक्का लगाईएको,
- नगरपालिका क्षेत्रमा रहेको मुख्य सडकको दुबै किनारमा भएको बोट बिरुवाहरुको संरक्षण गर्ने काम भएको,
- वातावरणको संरक्षणमा पुगेको,
- स्वच्छ तथा हरित पालिका निर्माण अभियानमा सहयोग भएको,
- सडक अतिक्रमणमा कमि आउने,
- वातावरण संरक्षण सम्बन्धी जनमानसको जनचेतनामा वृद्धि हुने।

### १६.३ कुलो मर्मत तथा सरसफाई आयोजना

| योजनाको नामः | कुलो मर्मत तथा सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ५, भेडियाही |
| योजनाको लागतः | रु. १४४५८८.६ |
| योजनामा भएको कुल खर्चः | रु. १४२९५२.०० |
| आयोजनाको क्षेत्रः | उर्जा, सिंचाई तथा नदी नियन्त्रण |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | २१ दिन |
| योजना शुरु मितिः | २०८० मंसिर १७ गते |
| योजना सम्पन्न मितिः | २०८० पौष ९ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्याः | १० जना |
| कुल रोजगारी दिनः | २१४ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकारको मार्फत यस नगरपालिकाको वडा नं. ५ मा सञ्चालन भएका कुलो मर्मत तथा सरसफाई आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन्।

- कुलोको डिलको मर्मत भएको,
- कुलोको पेटीमा भएको झारपातहरुको सरसफाई भएको,
- कुलोको पेटीमा पानी बग्न अवरोध गर्ने खाल्डाखुल्डी मर्मत भएको,
- कुलोको डिलमा भएको प्वालहरुलाई मर्मत गरिएको,
- कुलोको पेटी किनारलाई एक सतहमा बनाउने काम भएको।

### १६.४ कब्रिस्तानमा हाता खन्ने आयोजना

| योजनाको नाम: | कब्रिस्तानमा हाता खन्ने आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगाना: | परोहा नगरपालिका, वडा नं. ३, तेजापाकड |
| योजनाको लागत: | रु. १६६१५६.६५ |
| योजनामा भएको कुल खर्च: | रु. १३८२७६०० |
| आयोजनाको क्षेत्र: | सामुदायिक पूर्वाधार निर्माण |
| ज्याला भुक्तानी माध्यम: | बैंक खाता |
| योजना अवधि: | ३५ दिन |
| योजना शुरु मिति: | २०८१ बैशाख १० गते |
| योजना सम्पन्न मिति: | २०८१ जेठ १५ गते |
| योजनामा संलग्न बेरोजगार व्यक्तिको संख्या: | ७ जना |
| कुल रोजगारी दिन: | २०७ |

**उपलब्धि:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकारको मार्फत यस नगरपालिकाको वडा नं. ३ मा सञ्चालन भएको यस आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन्।

- कब्रिस्तानको चारै तिर हाता खन्ने काम भएको,
- कब्रिस्तानको संरक्षण भएको।

## १७. रोजगारीमा संलग्न दिन र संख्या

युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गतका आयोजनाहरुमा जम्मा ४० जना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुमा जम्मा २६ जना गरी कुल ६६ जना बेरोजगार व्यक्तिहरुलाई न्यूनतम् रोजगारी प्रदान गरिएको थियो। जस अन्तर्गत ८ जनाले सबैभन्दा कम यानी ४०



दिनको रोजगारी, १० जनाले ४०-६० दिनको रोजगारी, १ जनाले ६०-८० दिनको रोजगारी र ४७ जनाले ८०-१०० दिनको रोजगारी प्राप्त गरेका थिए। समग्रमा एक जना बेरोजगार व्यक्तिले औषतमा ८१ दिनको रोजगारी प्राप्त गरेका थिए।

## १८. आयोजनाको अनुगमन तथा मूल्याङ्कन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु सञ्चालनको क्रममा प्राविधिक सहित प्रमुख प्रशासकीय अधिकृत, रोजगार संयोजक, योजान शाखा प्रमुख तथा वडा अध्यक्ष द्वारा अनुगमन गर्ने गरिएको थियो । अनुगमनको क्रममा हरेक आयोजनाको लागत अनुसार काम भए नभएको भन्ने हेर्ने, जाँच गर्ने गरिको, श्रमिकहरु आयोजना स्थलमा समयमा आउने नआउने बारे सोधपुछ गरिएको, आयोजनाको काम नियमित हुने गरेको हो वा होईन, आयोजना सञ्चालनमा कुनै कठिनाई रहे नरहेको आदि कुराहरुको वारेमा श्रमिक, लाभग्राही तथा सरोकारवालाहरुसंग सोधपुछको साथै आयोजनाको अनुगमन गर्ने गरिएको थियो। अनगुमनको क्रममा देखिएका सकारात्मक पक्षहरु तथा सुझावहरु निम्नानुसार रहेका छनः

**सकारात्मक पक्ष**

- छोटो अवधिको रोजगार आयोजाना भए तापनि प्रभावकारी रुपमा कार्य हुने गरेको,
- रोजगारीमा खटिएको बेरोजगार व्यक्तिहरुले समय र श्रमको अधिकतम उपयोग गरी सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भारको काम गरी पूर्वाधारहरुलाई जीवन्त बनाएको,
- आयोजना स्थलमा श्रमिकको स्वास्थ्य सुरक्षा सामग्रीहरु तथा प्राथमिक उपचारका सामग्रीहरुको समेत व्यवस्था गरिएको,
- आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको परिणाम राम्रो रहेको,
- वडा अन्तर्गतको मुख्य कृषि सडक लगायत अन्य सडकहरुको साथै कुलो, नहर र पैनी समेतको मर्मत तथा सुधारको काम भएको,
- सडकको दुबै तिर रहेको नाला (ढल) को सरसफाई भएको,
- सडको दुबै तिर गरिएको वृक्षारोपणको गोडमेल तथा संरक्षण गर्ने कार्य भई नगरलाई स्वच्छ र हराभरा नगर निर्माणमा सहयोग पुगेको,
- आयोजना अवधिमा कुल ५३२२ दिनको रोजगारी सृजना भएको,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुले बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने कार्यक्रम रहेको भन्ने बुझाईको विकास भएको,
- न्यूनतम रोजगारीमा खटिएका सवै श्रमिकहरुको बैंक खाता मार्फत ज्याला वापतको रकम भुक्तानी गर्ने गरिएको।

### अनुगमनको निश्कर्ष

यस परोहा नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत सञ्चालित आयोजनाहरु कार्य प्रगति सन्तोषजनक रहेको तथा आयोजनाको डिजाइन ईस्टिमेट अनुसार नै काम भई श्रमिकहरुको ज्याला भुक्तानीको लागि बैंक खाता खोल्न लगाई श्रमिकहरुको ज्याला वापतको रकम बैंकबाट भुक्तानी गर्ने गरिएकोले यो कार्यक्रम गरिबमुखी, पारदर्शी र प्रभावकारी रहेको छ ।

## १९. कर्मचारीहरुको विवरण

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम प्रत्येक स्थानीय तह मातहत रहने रोजगार सेवा केन्द्रहरूमा रिक्त रोजगार संयोजकहरू (रा.प.तृ. श्रेणी, शाखा अधिकृत सरह) को पदपूर्ति गर्न रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ अनुसार श्रम मन्त्रालयद्वारा मिति २०७५/१०/०४ गते दरखास्त आह्वान गरिएको थियो। रोजगार संयोजकको पदपूर्ति गर्न सो मापदण्डको दफा ३ (ग) बमोजिम १० हजार भन्दा बढी जनसङ्ख्या भएका स्थानीय तहमा राजपत्राङ्कित तृतिय श्रेणी, शाखा अधिकृत सरहको रोजगार संयोजकहरूको अनलाईन पद्धतिद्वारा लिखित परीक्षा प्रणालीमार्फत छनौट गरी अन्तिम योग्यताक्रमको आधारमा यस नगरपालिका अन्तर्गतको रोजगार सेवा केन्द्रमा अधिकृत स्तरको रोजगार संयोजकको पदस्थापन गरी कामकाजमा खटाइएको हो।

